प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

## व्यवसायीक प्याज खेती गर्न ईच्छुक कृषक/समुह/सहकारी तथा कृषि फार्म संचालकलाई प्रस्ताव पेश गर्ने सम्वन्धिको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७६/०९/०६**

भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेश, धनगढी कैलालीको आ. ब २०७६।७७ मा व्यवसायिक प्याज खेति प्रवर्द्धन गर्ने कार्यक्रम अनुसार व्यवसायीकरुपमा प्याज खेति गर्ने कृषक/समुह/सहकारी तथा कृषि फार्म संचालकलाई उत्पादनमा आधारीत अनुदान वितरण गर्ने कार्यक्रम रहेको हुनाले, तपसिलका शर्तहरुको अधिनमा रही आवश्यक कागजात सहित यो सूचना प्रकासन भएको मितिले ३५ दिन भित्र प्याज खेति गर्न इच्छुक कृषकहरुले कृषि ज्ञान केन्द्र बाजुरामा वा सम्वन्धित स्थानिय तहको कृषि विकाश शाखामा आवेदन पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरुः

१. व्यवसायिक प्याज खेति गर्न इच्छुक कृषकहरुले तराइमा कम्तिमा ५ कठ्ठामा र पहाडमा कम्तिमा ३ रोपनिमा प्याज खेति गर्नुपर्ने छ ।
२. तोकीएको क्षेत्रफल भन्दा कम जग्गामा प्याज खेति गर्ने कृषकहरुले समुह तथा सहकारीमा आबद्ध भइ संयुक्त रुपमा आवेदन पेश गर्न सक्नेछन् ।
३. प्याज उत्पादन गर्ने क्रममा कार्यालयले कृषक तथा कृषक संस्थालाइ प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।
४. कृषक तथा कृषक संस्थालाइ उत्पादन पुर्व वा उत्पादन सामाग्रिमा अनुदान प्रदान गरिने छैन ।
५. तोकेको न्युनतम परिमाण भन्दा अधिक उत्पादन गर्ने कृषकहरुलाइ, उत्पादन पश्चात कार्यालयको स्थलगत अनुगमन र बाली कटानिका आधारमा बढि उत्पादन गरेको परिमाणको कार्यविधिमा तोके बमोजिम नगद रकम अनुदान वापत उपलब्ध गराइनेछ ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु**

१. कृषक समूह/कृषि सहकारी संस्था/कम्पनी/फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी
२. कृषक समूह/कृषि सहकारी संस्था/कम्पनी/फर्मको निर्णयको प्रतिलिपी
३. नागरिकता र लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको सम्झौतापत्रको प्रतिलिपि

.................
गोविन्द सिजापती
नि. कार्यालय प्रमुख